नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# स्वरा भाष्कर कास्टिङ काउचको शिकार !



बलिउडकी *वीरे द वेडिङ गर्ल* स्वरा भाष्कर केवल आफ्नो बोल्ड लुक्सको लागि मात्र नभई बोल्ड स्टेटमन्टका लागि पनि चर्चित छिन्। उनी आफूलाई लागेका कुरा बाहिर ल्याउन कति पनि हिच्किचाउँदिनन्। हालै मात्र उनले आफू करिअरको शुरूआती दिनमा कास्टिङ काउचको शिकार भएको बलिउडका सञ्चार माध्यमसामु खुलासा गरेकी छिन्। 'जब म आफूलाई एक ठूला फिल्म निर्माताको म्यानेजर हुँ भन्ने एक मानिसलाई भेट्न गएँ, उनले मेरो कानमा आई लभ यु बेबी भन्दै कानमा चुम्बन गर्न खोजे। तर मैले तुरुन्तै उनको हात झट्कारीदिएँ', स्वराले खुलासा गरेकी छिन्- 'यसपछि मलाई लाग्यो कि यहाँ यस्तो पनि हुन्छ र?'

यसभन्दा अगाडि पनि उनले आफ्नो करिअरको शुरूआती दिनमा केही फिल्म निर्माताले आफूमाथि शारीरिक र मानसिक शोषण गर्न खोजेको, दिनभर आफ्नो पिछा गरेको र रातभरि फोन गरिरहने गरेको बताएकी थिइन्। समाचारमा स्वराले यस्ता धेरै प्रकारका घटना आफूमाथि भएको र आफ्नो स्वभाव थाहा पाएपछि ती व्यक्तिले आफूलाई त्यस्तो व्यवहार गर्न छोडेको खुलासा गरेकी छिन्।

# छिरिङमा बोल-बोल पाखाहरूको रिमिक्स



गायक तथा यशकुमारले आफ्नो पछिल्लो फिल्म *छिरिङ*को गीत सार्वजनिक गरेका छन्। २५ वर्षअगाडि बनेको फिल्म *झुमा*को *बोल-बोल पाखाह*रूलाई रिमेक गरी तयार पारिएको गीत सार्वजनिक गरिएको हो।

बुढासुब्बा म्युजिकबाट सार्वजनिक गरिएको गीत सुनिता थेम्मी र विन्दु परियारले गाएका छन्। अगामी असोज १२ गतेलाई रिलिज डेट तोकिएको फिल्मको यो गीत *छिरिङ*को पहिलो कोशेलीस्वरूप सार्वजनिक गरिएको यशकुमारले बताए। अत्यधिक लोकप्रिय फिल्मी गीतका रूपमा रहेको यो गीतमा संगीत साधक स्व. अम्बर गुरुङ र प्रकाश गुरुङले संगीत भरेका थिए भने रचना दिनेश अधिकारीको रहेको थियो। *झुमा*का लागि यो गीत गायिका सुक्मित गुरुङले गाएकी थिइन्। 'यो गीत स्वीकृति लिएर रिमिक्स गरेका छौं र सबैले मन पराइदिनुहुन्छ भन्ने विश्वास लिएका छौं' - फिल्मका नायकमध्येका एक तथा निर्देशकसमेत रहेका गायक यशकुमारले भने। गीतमा अपर मुस्ताङको मनोरम दृश्य समेटिएको छ भने बौद्ध धर्माबलम्वीहरूको संस्कार संस्कृति झल्किएको छ। यसको भिडियोमा नवनायिका कामना भुजेललाई फिचर गरिएको छ। सवीर श्रेष्ठ, यम थापा र यशकुमारको लेखन रहेको फिल्ममा यशकुमार र कामना भुजेलका साथमा गायक तथा कलाकार निमा रुम्बाले पनि अभिनय गरेका छन्।

## धरहरा

# कांग्रेस, केसी र गंगामाया



वीर अस्पतालका डाक्टर गोविन्द केसी र वीर अस्पतालमै आमरण अनशनमा बसेकी गंगामाया अधिकारीका कारण अहिले देशमा एउटा तरंग उत्पन्न भएको छ। धरहराले दिनैपिच्छे यी र यस्तै विषयमा चासो राखिरहेको छ, धरहराको टुप्पोबाट हेर्दा क-कसको कमजोरी हो भन्ने छुट्याउन गाह्रो भइरहेको छ।

प्रतिनिधिसभा र राष्ट्रिय सभामा नै यी दुई जनाको नामले बैठक अवरोध भएको छ। केसीले कतिपटक अनशन बसे र के-के माग राखे भन्ने पनि अहिले यकिन गर्न समस्या छ। उता गंगामायाले आन्दोलनकै क्रममा श्रीमान् गुमाएकी छिन् भने आफू पनि जीवनमरणको दोसाँधमा छिन्। यी दुवै जनाको अनशन नै भए पनि प्रकृति फरक छ, सरकारले सम्बोधन नगरेको भनेर आवाज उठाइरहेका बेला के साँच्चै माग पूरा गर्न सरकारले चासो देखाउने कि नदेखाउने भन्ने प्रश्नमा धरहरा अलमलमा परेको छ।

द्वन्द्वकालीन समयमा घटेको घटना भए पनि अलिकति फरक छ कथा गंगामायाको, नेपाली कांग्रेसले अहिले आएर मात्र गंगामाया सम्झिएको छ, आजभोलि कांग्रेसका धेरैजसो नेताको बुद्धिबंगारो पलाएर नै होला वीर अस्पतालमा भेट्न गएर सरकार अराजक र नालायक भइसकेको भन्न भ्याएका छन्, के हिजो कांग्रेसको नेतृत्वमा सरकार हुँदाचाहिँ गंगामाया अस्पताल छोडेर गोरखा त गएकी थिइनन् नि ?

यसरी वास्तविकतादेखि माथि गएर आफू अनुकूल स्वार्थको मात्र राजनीति गर्नेले देशमा पटक-पटक संकट निम्त्याइरहेका छन्। कसैले केसीलाई तह लगाउन सरकारले नसकेको पनि भनेको धरहराले सुनेको छ भने गंगामायाको व्यथाभन्दा टाढा छैन धरहरा पनि। त्यसैले अब कसैले न्याय दिन नसके र सत्यको पक्षमा नबोले धरहराले कदम चाल्नुपर्ला कि भनेर दबाब दिन थालेका छन् भन्छन् नि जनता।



# नेपाली मन सार्वजनिक

गीतकार कृष्णबहादुर थापा क्षेत्री, संगीतकार शक्ति बल्लभ र गायक सुमित खड्काको गीती एल्बम *नेपाली मन*को बिहीबार राजधानीमा आयोजित एक कार्यक्रमबीच गायक प्रेमध्वज प्रधान, कवि तथा गीतकार रत्नशमशेर थापा, दिनेश अधिकारी, गीतकार किरण खरेल, गजलकार डा. भोजराज पोखरेल, गीतकार संघ नेपालका अध्यक्ष चुडामणि देवकोटा, साहित्यकार गंगा सुवेदी, सभासद खेम नेपालीलगायतले संयुक्तरूपमा सार्वजनिक गरेका छन्।

कार्यक्रममा गीतकार क्षेत्रीले एल्बमका गीतले सबै नेपालीको प्रतिनिधित्व गर्ने दाबी गरे भने गायक खड्काले एल्बममा संगृहित *सबैभन्दा प्यारो, नेपाली मन, गाउँछिन् गीत, जन्मे हुर्केँ*जस्ता सुनाए।

स्पार्क इन्टरटेनमेन्टको प्रस्तुतिमा बजारमा आएको एल्बमभित्र ५ गीत समावेश छन्।

# दोलखामा लिटिल प्रिन्स एन्ड प्रिन्सेस



शर्मिला बुढाथोकी, दोलखा। ब्राइट इभेन्ट म्यानेजमेन्ट दोलखाले आयोजना गरेको *लिटिल प्रिन्स एन्ड प्रिन्सेस* सिजन वन प्रतियोगिताअन्तर्गत *लिटिल प्रिन्स सिनियर*को उपाधि टासी शेर्पा र *जुनियर*को उपाधि अग्रिम प्रसाईंले जितेका छन् भने *लिटिल प्रिन्सेस सिनियर*को उपाधि सम्प्रिता घिमिरे र जुनियरको उपाधि विजेसना घिमिरेले जितेका छन्।

३ महिनासम्म विभिन्न चरणमा विविध गतिविधि सञ्चालन गर्दै सदरमुकाम चरिकोटमा अन्तिम प्रतिस्पर्धा आयोजना गरिएको थियो। जसको मूल्याकन फेसन डिजाइनर उत्तम बनेपाली, अभिनेता प्रज्वल गिरी र अमित ढुंगाना, मोडल सौगात शर्मा र स्नेहा पौडेलले गरेका थिए।

प्रतियोगिताको *लिटिल प्रिन्स सिनियर*तर्फ विशाल थामी *फस्ट* र आशीष पाख्रिन सेकेन्ड रनर्सअप भएका थिए भने *सिनियर*तर्फ संस्कृति कार्की *फस्ट* र सोनी खड्गी *सेकेन्ड रनर्सअप* भएका थिए। त्यसैगरी जुनियरतर्फ डिस्काई बस्नेत *फस्ट* भए।

# विकट ठोरीकी दिलरानी



वीरगन्ज, (सेलिना)। पर्साको ठोरी गाउँ सदरमुकाम वीरगन्जबाट ६८ किलोमिटर सुदूर उत्तरमा पर्दछ। अहिले पनि ठोरीका नागरिक वीरगन्ज आउनुपर्दा भारतीय बाटो भएर आउन बाध्य छन्। तराई मधेसको जिल्ला भएर पनि पर्साको ठोरी भने विकट बस्तीका रूपमा चिनिन्छ। यस्तो ठाउँमा जन्मिएर पनि संगीतलाई अगाडि बढाइरहेकी सेलिना कुँवर अहिले गीत संगीतमा व्यस्त छिन्।

दुर्गम बस्तीमा जन्मिएर पनि गीत संगीतमा रमाउन पाउँदा आफूलाई गर्व लागेको कुँवर बताउँछिन्। एक दर्जनभन्दा बढी नेपाली र भोजपुरी गीत गाइसकेकी सेलिना अहिले राजधानी काठमाडौंमा रहेर गीत संगीत क्षेत्रमा रातदिन तल्लीन छिन्। केहीअगाडि रिलिज भएको फिल्म नेप्टेमा उनले गाएको गीत दिलरानी चर्चामा छ।

गायक उदिखतनारायण झासँग सेलिनाले गाएको यो गीतको भिडियो युट्युबका झन्डै १० लाख दर्शकले हेरिसकेका छन्। *दिलरानी* गीतले आफूलाई चिनाउन झन् मद्दत पुऱ्याएको सेलिनाको तर्क छ। अविवाहित सेलिना मन मिल्ने दिलको राजा वा वर पाए बिहे गर्ने सुरमा पनि छिन्। धेरैजसो आधुनिक गीत गाएकी सेलिनाले आफ्नो गाउँ ठोरी र जिल्ला पर्सालाई गीत संगीतबाट चिनाउन चाहेको बताइन्।




भर्खरै !
भर्खरै के भयो दुनियामा ?
भर्खरै सोध्नुहोस् हामीलाई
भर्खरै हाजिर हुनेछ
जबाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ
भर्खरै !

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ